एउटै कारोबारमा लागिरहेको दोहोरो आयकर

फागुन २०८१

नेपाल उद्योग परिसंघ

आयकर ऐनले लगाएको दोहोरो कर

नेपाल उद्योग परिसंघ (सीएनआई) ले आफ्नो स्थापनाकालदेखि नै मुलुकमा व्यवसायमैत्री वातावरण सिर्जना गर्न नीतिगत तहमा गर्नुपर्ने सुधार तथा अवलम्बन गर्न सकिने सम्भावित नीतिगत व्यवस्थाहरूलाई अध्ययन गरी विभिन्न सुझावहरू नेपाल सरकारलाई बुझाउँदै एक जिम्मेवार निकायका रुपमा आफूलाई उभ्याएको छ । परिसंघले विगतमा दिएका नीतिगत सुझावहरूलाई नेपाल सरकारले आवश्यकता र प्रभावकारिताका आधारमा सम्बोधनसमेत गर्दै आएको छ ।

विगत केही समययता कानुनी प्रावधानहरूले गर्दा नै करदाता मारमा परेका विभिन्न प्रकरणहरू समेटेर खबरहरू सम्प्रेषण भइरहेका छन् । पछिल्ला दिनमा सार्वजनिक भएका विभिन्न कर सम्बन्धी प्रकरणहरूले नेपालमा लगानीको वातावरणलाई निरुत्साहित बनाएका छन् । पछिल्लो समयमा बढी चर्चा बटुलेको र आम सर्वसाधारण, करदाता, कर्मचारी, नीतिनिर्माता साथै राजनीतिक नेतृत्वसमेत द्विविधामा रहेको नीतिगत प्रावधान आयकर ऐन, २०५८ को दफा ५७ र दफा ९५क. हो । स्रोत नमुना कानुनलाई सहिरुपमा नेपालीमा अनुवाद नगर्दा र भएको कानुनी व्यवस्था राम्रोसँग नबुझि जथाभावी कानुन संसोधन गर्दाको परिणामस्वरूप अन्तराष्ट्रिय अभ्यासअनुसार कर नलाग्ने कारोबारमा पनि नेपालमा कर लागिरहेको अवस्था छ । यही व्यवस्थाका कारण करदाताहरू दोहोरो करको मारमा परिरहेका छन् भने कुनैकुनै अवस्थामा त सो कारोबारबाट सिर्जित लाभभन्दा बढी कर दायित्वसमेत सिर्जना भइरहेको छ ।

सोही सन्दर्भमा परिसंघले यस्तो अवस्था कसरी आयो ? आयकर ऐनको सो दफाहरूमा समेटिएका कस्ता प्रावधानहरूले गर्दा करदाता दोहोरो कर तिर्न बाध्य छन् ? भन्ने लगायतका विषयलाई व्यवसायी तथा सर्वसाधारण करदाताहरूले समेत बुझ्न सक्नेगरी सरलीकरण गर्ने ध्येयका साथ यो प्रकाशन तयार पारेको छ । यस दस्तावेज तयार पार्न विशेष भूमिका खेल्नुभएका परिसंघ राजस्व समितिको उपसभापति समेत रहनुभएका वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट **शेषमणि दाहाल**प्रति परिसंघ हार्दिक आभार व्यक्त गर्दछ ।

परिसंघको यस प्रकाशनमार्फत करदाता, कर्मचारी, नीतिनिर्माताका साथै राजनीतिक नेतृत्व लगायत करसँग सम्बद्ध सम्पूर्ण सरोकार पक्षहरूलाई करसम्बन्धी विभिन्न नीतिगत व्यवधानहरू प्रष्ट पार्ने हाम्रो उद्देश्य हो । परिसंघको यसप्रकारको प्रयासले मुलुकको आर्थिक तथा व्यवसायिक वातावरण सुदृढ बनाउन सहयोग पुर्याउने विश्वास छ ।

राजेश कुमार अग्रवाल
अध्यक्ष
नेपाल उद्योग परिसंघ

एउटै कारोबारमा लागिरहेको दोहोरो आयकर

पृष्ठभूमि

कुनै पनि सार्वभौम मुलुकले आफ्नो सीमाभित्र बसोबास गर्ने व्यक्ति, स्थापित निकाय वा संस्थाहरूलाई अनिवार्य गरेको आर्थिक दायित्व नै 'कर' अथवा राज्यको राजस्व हो । तसर्थ यसबाट कुनै पनि व्यक्ति वा निकायले उन्मुक्ति पाउँदैन । राज्य संचालनको प्रमुख स्रोत रहेको राजस्व (कर) संकलनका लागि राज्यले कानुन नै बनाएर लागु गर्दछ । यसरी कर संकलन गर्नु कानुनसम्मत त ठहरिन्छ, तर त्यसले करदातालाई न्याय भएको छ/छैन, कर कानुनमा भएका प्रावधानहरूले व्यवसायिक वातावरण र अर्थतन्त्रमा प्रत्यक्ष/परोक्ष कस्तो असर पर्छ भन्नेतर्फ समेत विचार गरिनु पर्दछ ।

मुलुकको आर्थिक विकासका लागि राजस्व संकलनको प्रक्रियालाई प्रभावकारी बनाइ राजस्व परिचालनलाई अभिवृद्धि गर्ने उद्देश्यले नेपालमा आयकर ऐन, २०५८ अस्तित्वमा आयो । यसै सन्दर्भमा आयकर असुल गर्न आयकर ऐनमा दफा ५७ मा 'नियन्त्रणमा परिवर्तन'मा कर लाग्ने व्यवस्था गरिएको थियो । दफा ५७ सँगै सम्बन्धित विषयलाई छुने गरी आर्थिक ऐन, २०६७ ले आयकर ऐनमा नयाँ दफा - 'दफा ९५क.' थप गर्‍यो । यसपश्चात् एउटै विषयमा दुईवटा दफाले कर लगाउन मिल्ने अवस्थाको सिर्जना भयो । अर्थात्, यसबाट एउटै कारोबारबाट सिर्जित नाफामा दुईवटा फरक-फरक दफाबाट कर लाग्ने गरी दोहोरो करको अवस्था सिर्जना भयो ।

नेपालको आयकर ऐनको उदगम

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएफएफ) ले अल्पविकसित देशको आयकर संकलनमा भइरहेको चुहावट रोकी कर आधार वृद्धि गर्ने उद्देश्यले अंग्रेजी भाषामा एउटा नमुना कानुन तयार पार्‍यो - 'द कमनवेल्थ अफ सिमेट्रिका इन्कम ट्याक्स एक्ट २०**' । सोही नमुना केही अल्पविकसित मुलुकहरूमा परिक्षण (Piloting) गर्दा एशियाबाट नेपाल र अफ्रिकाबाट तान्जानियालाई यसमा समावेश गरिएको थियो । सोही नमुना कानुनलाई नेपालीमा अनुवाद गरी 'आयकर ऐन, २०५८' तयार पारेर त्यसलाई २०५८ साल चैत्र १९ बाट लागु गरियो । तान्जानियाले सो नमुना कानुनलाई सन् २००८ देखि नै क्रमिकरुपमा व्यापक सुधार गर्दै व्यवसायमैत्री बनाउँदै आएको छ । तर, नेपालले भने सोही नमुनालाई

नै मूल कानुनका रुपमा लिएर कार्यान्वयन गरिरहेको अवस्था छ । सो नमुनालाई संशोधन तथा व्याख्या गर्दा पनि 'सिमेट्रिका'को मर्मअनुरुप गरिएको छैन भने नयाँ थपिएका व्यवस्थाहरू समेत राम्रोसँग अध्ययन नगरी कानुन संसोधन गरिएकाले तालमेल नमिलेको अवस्था सिर्जना भएको हो । अर्थात्, यसै ऐनको 'दफा ५७' पुरानै कानुनमा भए पनि सोही किसिमको कारोबारमा फरक तरिकाले कर लगाउन 'दफा ९५क' को व्यवस्था थप गरियो । दफा ९५क को व्यवस्था आईएमएफले तयार पारेको नमुना कानुनमा थिएन । अर्थात्, यो नेपालले आफ्नै विवेकले थपेको व्यवस्था हो । आन्तरिक राजस्व विभागले दिएको एउटा प्रष्टीकरणमा एउटै कारोबारमा दफा ५७ र दफा ९५क का दुवै व्यवस्था आकर्षित भइ कर लाग्न सक्ने व्याख्या समेत गरेको अवस्था छ ।

दफा ५७ को व्यवस्था

दफा ५७ ले कुनै निकायको विगत तीन वर्षको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा नेपालमा रहेको निकायले आफ्नो सम्पूर्ण सम्पत्ति र दायित्व बजार मूल्यमा निसर्ग (बिक्री) गरेको मानेर भएको नाफामा २५% प्रतिशतले कर लाग्ने व्यवस्था रहेको छ । अर्थात्, कुनै कम्पनीको तीन वर्षको अवधिमा एकैपटक वा पटकपटक गरी ५० प्रतिशत वा सोभन्दा बढी सेयर स्वामित्व परिवर्तन भएमा कम्पनीले आफ्नो पुनर्मूल्यांकन नाफा गणना गरी कर तिर्नुपर्ने व्यवस्था रहेको छ । यसो हुँदा सेयर बिक्रेतासँग कर नउठाउने तर स्थानीय कम्पनीले कर तिर्नैपर्ने भएकाले राज्यले कर गुमाउनु पर्दैन । कम्पनी संचालनमा रहनैपर्ने हुँदा कम्पनीबाट कर उठाउन कठिनाइ पनि हुँदैन ।

आयकरमा 'दफा ९५क'को व्यवस्था

आर्थिक वर्ष २०६७/६८ को बजेट अर्थात् आर्थिक ऐन, २०६७ ले आयकर ऐनमा नयाँ दफा नै थपिदियो - 'दफा ९५क.' । यो दफामा नेपालमा रहेका कुनै कम्पनीको स्वामित्व परिवर्तन भए सोही कम्पनीले बिक्रेताको नाफा गणना गरी कर कट्टा गरेर कर कार्यालयमा बुझाउनुपर्ने व्यवस्था उल्लेख छ ।

सुरुमा कानुन बन्दा प्रत्यक्ष स्वामित्वको बिक्रीका लागि मात्र यो कानुन आएको देखिएको थियो । तर, सर्वोच्च अदालतले एक मुद्दामा अप्रत्यक्ष स्वामित्व हस्तान्तरणमा यस दफाअनुसार कर लाग्छ भनेर व्याख्या गरेपछि प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रुपमा स्वामित्व हस्तान्तरण भए पनि यस दफाबमोजिम समेत कर लाग्दै आएको छ । यो दफा, आयकर ऐनको दफा ५७ सँग मात्र नभइ अन्य धेरै व्यवस्थासँग बाझिएको छ ।

उदाहरणका लागि - एकजनाले नेपाली कम्पनी प्रालिमा गरेको १०० रुपैयाँ लगानी अर्को व्यक्तिलाई २५० रुपैयाँमा बिक्री गर्यो भने उसलाई नाफा भएको रु १५० रुपैयाँमा नेपाली कम्पनी प्रालिले कर कट्टा गरी कर दाखिला गर्नुपर्ने हुन्छ। बिक्रेताको प्रकृति र कम्पनी नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भए/नभएको अनुसार करको दर फरक पर्छ।

नेपाल धितोपत्र बोर्डमा सूचिकृत भएको कम्पनीको सेयर कारोबारमा प्राकृतिक व्यक्तिको हकमा ५ देखि ७.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। यस प्रकृतिको कारोबारबाट बासिन्दा निकाय अर्थात् नेपाली कम्पनीलाई लाभ प्राप्त भएमा १० प्रतिशत कर तिर्नुपर्ने र गैरबासिन्दा (विदेशी) भएमा २५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।

धितोपत्र बोर्डमा सूचीकरण नभएको संस्थाको स्वामित्व बिक्री गर्दा बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको १० प्रतिशत, बासिन्दा निकाय/संस्थाका हकमा १५ प्रतिशत र गैरबासिन्दा (विदेशी) को हकमा लाभ रकमको २५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ। यस्तो कर जुन निकायको सेयर किनबेच भएको हो, त्यसले नै कर कट्टा गरी कर कार्यालयमा बुझाउनुपर्छ।

कम्पनीहरुले गर्न सक्ने करछली रोक्ने तरिका

विशेषतः बहुराष्ट्रिय कम्पनीहरू तथा केही स्थानीय कम्पनीहरूले अप्रत्यक्ष (सेयर) हस्तान्तरण (Offshore Indirect Transfer–OIT) गरी कर छली हुन सक्ने अवस्थालाई रोक्न २०५८ सालमा आयकर ऐन आउँदा नै कानुनमा व्यवस्था गरिएको थियो। आर्थिक सहयोग तथा विकास संगठन (ओईसीडी), विश्व बैंक, र संयुक्त राष्ट्र संघ (युएन) का प्रतिनिधि सम्मिलित एक समितिले संयुक्तरुपमा अध्ययन गरी तयार पारेको एक प्रतिवेदनअनुसार संसारका धेरै देशले यसप्रकारको कर छली रोक्न देहायका दुईमध्ये कुनै एक तरिकाले कानुन बनाइ कर छली समेत रोकेर कर संकलन गरिरहेका छन्।

पहिको विकल्प

यसअनुसार, बहुमत (५० प्रतिशतभन्दा बढी) सेयर/स्वामित्व वा नियन्त्रण किनबेचमा किन्ने-बेच्ने दुवैलाई कर नलगाई जुन कम्पनीको स्वामित्व किनबेच भएको हो, त्यस कम्पनीलाई कर लगाइन्छ। यो विकल्पअन्तर्गत यदि कसैले कुनै कम्पनी वा सोको ५० प्रतिशतभन्दा बढी स्वामित्व किन्ने तयारी गर्दा नै भविष्यमा तिर्नुपर्ने करसमेत हिसाब गरेर उक्त कम्पनीको सेयरको खरिद मूल्य निर्धारण गरिन्छ। यस्तो अवस्थामा सेयर कारोबार

Designing the tax liability rule: There are two common models in this regard:

Model 1 (taxation of a deemed direct sale by a resident): This model seeks to tax the local entity that directly owns the asset in question, by treating that entity as disposing of, and reacquiring, its assets for their market value where a change of control occurs (e.g. because of an offshore sale of shares or comparable interests).

Model 2 (taxation of the non-resident seller): This model seeks to tax the non-resident seller of the relevant shares or comparable interests via a non-resident assessing rule. Model 2 must be supported directly or implicitly by a ***source of income rule***. This source of income rule provides that a gain is sourced in the location country when the value of the interest disposed of is derived, directly or indirectly, principally from immovable property located in that country. A source rule relating to gains from the disposal of other assets may also be considered, as discussed above in Section II—including substantial shareholdings in resident companies. A source of income rule may be further supported by ***a taxable asset rule*** dealing with such matters as whether taxation only applies to disposals of substantial interests (such as a 10 percent shareholding rule) to exclude from the scope of tax changes in ownership of portfolio investments. The rule can also prescribe whether the entire gain will be subject to tax when the value of the indirect interest is less than wholly derived from local immovable property or, alternatively, whether the gain will be subject to tax on a pro rata basis. Each legal design option under this rule is discussed and explained further below.

स्रोत: ओईसीडी, विश्व बैंक, र संयुक्त राष्ट्रसंघका प्रतिनिधि सम्मिलित समितिले संयुक्तरुपमा अध्ययन गरी तयार पारेको प्रतिवेदनको एक अंश

संसारको जुनसुकै ठाउँमा भए पनि राज्यले स्थानीय कम्पनीमार्फत सहजै कर संकलन गर्न सक्छ । स्वामित्व बिक्रेता भागेका कारण राज्यले कर गुमाउनुपर्ने स्थिति पैदा हुँदैन । साथै, स्थानीय कम्पनीलाई कर लाग्ने भएकाले अन्तर्राष्ट्रिय सन्धि-सम्झौताका कारण पनि स्थानीय कम्पनीसँग कर संकलन गर्न कठिनाइ हुँदैन । नेपालले दफा ५७ मार्फत यो तरिका पछ्याइ कर संकलन गर्दै आएको छ । यदि हाम्रो आयकर ऐनमा दफा ५७ को व्यवस्था हुँदैन थियो भने नेपालले सन्धि गरेका धेरै देशका लगानीकर्ता/कम्पनीले लगानी गरेका नेपाली कम्पनीको सेयर बिक्रीबाट भएको लाभमा सो विदेशी लगानीकर्ता/कम्पनीलाई नेपालमा कर लगाउन सो सन्धिअनुसार मिल्दैन थियो ।

नेपालले यस प्रकारको कर छली रोक्न सुरुमा २०५८ साल (सन् २००२) मा आयकर बनाउँदा नै यो व्यवस्था बनाइ लागु गरेको थियो । ऐनको यो दफाको उचित कार्यान्वयन हुँदा विदेशी लगानीका कुनै पनि कम्पनीको बहुमत सेयर स्वामित्व किनबेच गरी कर छली गर्ने प्रयास निस्तेज गर्न सकिन्छ । अर्थात्, त्यस्तो किनबेचबाट तिर्नुपर्ने कर राज्यले स्थानीय कम्पनीबाट सजिलै उठाउन सक्दछ, बिक्रेता खोज्दै भौतारिरहनु पर्दैन ।

दोस्रो विकल्प

यस विकल्पमा स्थानीय कम्पनीको सेयर बिक्री गर्ने व्यक्ति/कम्पनी जहाँसुकैको होस् उक्त बिक्रेतालाई आफ्नो देशमा बोलाएर आर्जित नाफामा कर तिराउन सकिन्छ। यो प्रणालीमा सामान्यतया कर गणना गर्न र बुझ्न सहज हुन्छ। तर, गरिब तथा कमजोर प्रशासन भएका देशले यो विधिको प्रभावकारी कार्यान्वयन गर्न सकेका छैनन्। प्रशासन र प्रणाली चुस्त-दुरुस्त भएका शक्तिशाली देशले मात्र यो लागु गर्न सकिरहेका छन्। भारतले सन् २०१२ (विसं २०६८) मा कानुन बनाइ यो विकल्पबाट कर संकलन गर्दै आएको छ। नेपालमा पनि 'दफा ९५क' मार्फत सर्वोच्च अदालतको फैसलालाई समेत आधार मानेर यस विकल्पबाट समेत कर उठाउँदै आइएको छ।

दफा ५७ नै मर्मअनुसार ऐनमा राखिएन

आयकर ऐनको 'दफा ५७' अन्तर्राष्ट्रिय मुद्रा कोषले तयार पारेको 'स्रोत कानुन' अर्थात द कमनवेल्थ अफ सिमेट्रिका इन्कम ट्याक्स एक्ट २०** मा लेखिएको व्यवस्था र सो व्यवस्थालाई आयकर ऐनमा भने देहायबमोजिम समावेश गरिएको छः

> ***Section 171. Change in Control***
>
> (1) Where there is a change of 50 percent or more in the underlying ownership of an entity as compared with that ownership three years previously, the entity is treated as realising any assets owned by it and any liabilities owed by it immediately before the change.
>
> **आयकर ऐन २०५८ को दफा ५७**
>
> **५७. नियन्त्रणमा परिवर्तन :** (१) कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ।

नमुना ऐनमा Underlying Ownership (निहित स्वामित्व) भनिएको ठाउँमा आयकर ऐन, २०५८ मा अनुवाद गरी 'स्वामित्व' मात्र राखिएको छ। अर्थात् अंग्रेजी शब्दको नेपाली अनुवाद सहीरुपमा भएन। यति शब्द परिवर्तनको निकै ठूलो असर कर संकलन तथा व्यवसायमा परिरहेको छ।

नमुना कानुनअनुसार निहित स्वामित्वमा ५० प्रतिशत वा त्योभन्दा बढी परिवर्तन भएको अवस्थामा दफा ५७ लागु हुने र सम्पूर्ण सम्पत्ति तथा दायित्वलाई बजार मूल्यांकन गरी कम्तिमा २५ प्रतिशत कर तिर्नुपर्ने अवस्था हुन्थ्यो। तर, नेपालको आयकरमा स्वामित्व

(प्रत्यक्ष वा निहित स्वामित्व जुनसुकै भए पनि) परिवर्तन हुनेबित्तिकै यो दफा लागु हुने अवस्था सिर्जना भयो । विगतमा स्वामित्वलाई प्रत्यक्ष स्वामित्वको रूपमा मात्र व्याख्या गरिने गरेकोमा एक मुद्दामा फैसला गर्दै सर्वोच्च अदालतले कानुनमा 'स्वामित्व' मात्र भनेपछि त्यसलाई 'प्रत्यक्ष' तथा 'निहित' स्वामित्व दुवै मान्नुपर्ने व्याख्या गरेको छ । सो फैसला अघि 'स्वामित्व' लाई करदाता तथा कर प्रशासन दुवैले 'प्रत्यक्ष स्वामित्व' मात्र भनेर बुझ्ने तथा व्यवहार गरिन्थ्यो ।

यो दफामा 'निहित' शब्द राख्दा र नराख्दा हुने असरलाई तलको उदाहरणबाट हेरौं:



माथि उल्लेखित उदाहरणमा एक व्यक्तिका दुई कम्पनीहरू 'ए' र 'बी' छन् । 'ए' कम्पनीको लगानी 'सी' कम्पनीमा पनि छ । तर, उसलाई 'सी' कम्पनीलाई 'ए' कम्पनीको मातहत सञ्चालन गर्नुभन्दा 'बी' कम्पनी मातहत संचालन गर्दा राम्रो हुन्छ भन्ने लाग्यो र उसले 'सी' कम्पनीमा रहेको 'ए' कम्पनीको सेयर 'बी' कम्पनी अन्तर्गत सार्‍यो । यसरी 'ए' र 'बी' दुवै एउटै व्यक्तिका कम्पनी हुन् । त्यसो हुँदा 'सी' कम्पनीलाई 'ए' कम्पनी मातहतबाट 'बी' कम्पनी मातहत ल्याउँदा कम्पनीको निहित स्वामित्वमा कुनै परिवर्तन भएको हुँदैन । अर्थात्, नमुना कानुनअनुसार 'सी' कम्पनी जता सारे पनि उसको निहित स्वामित्व परिवर्तन नभएकाले दफा ५७ लागु नहुने र करदाताले कुनै पनि कर तिर्नु नपर्ने अवस्था हुन्थ्यो ।

तर, आयकर ऐन, २०५८ को दफा ५७ मा भएको व्यवस्थाअनुसार निहित स्वामित्वमा कुनै परिवर्तन नभएको अर्थात् मुख्य लगानीकर्ता परिवर्तन नभएको अवस्थामा पनि स्वामित्व परिवर्तन हुनेबित्तिकै दफा ५७ लागु भइ सम्पूर्ण सम्पत्ति तथा दायित्व बजार मूल्यमा बिक्री गरेको मानी कम्तीमा २५ प्रतिशत कर तिर्नुपर्ने व्यवस्था रहेको छ । नेपालको हालको कानुनअनुसार माथिको उदाहरणमा 'सी' कम्पनी 'बी' कम्पनीको मातहत सार्दा मात्र पनि ठूलो कर दायित्व सिर्जना हुन्छ । ठूला बहुराष्ट्रिय कम्पनीहरूले यसप्रकारको संरचनागत परिवर्तनहरु सामान्य अभ्यासका रुपमा गर्दै आएका छन् । संरचना परिवर्तनमै कर खोज्दै आएको हाम्रो अभ्यास भइरहेकोमा छिमेकी मुलुक भारतले भने यसप्रकारको आन्तरिक पुनर्संरचनामा कर नलगाउने प्रष्ट पारिसकेको अवस्था छ । भारतमा पनि आयकर ऐनको दफा ४७ अन्तर्गत सेयर स्वामित्व व्यक्ति वा संस्थाको भगिनी संस्था/कम्पनीमा हस्तान्तरण गर्दा कुनै पनि कर लाग्दैन ।

यस्तो किसिमले आफ्नै स्वामित्वमा रहेका निकायहरू एकअर्कातर्फ सार्दा कुनै पनि किसिमको सम्पत्ति सिर्जना नहुने तथा कसैलाई पनि आय नहुने भएकाले “स्वामित्व परिवर्तन”मा नभइ “निहित स्वामित्व परिवर्तन”मा मात्र उक्त दफा लगाउनुपर्ने तथ्य अर्को एक दस्तावेजमा उल्लेख रहेको पाइन्छ ।

दोहोरो कर कसरी लाग्यो ?

नेपालमा दफा ५७ र दफा ९५क. मार्फत दोहोरो कर लाग्दै आएको छ। यो व्यवस्थालाई तल एक उदाहरणमा चित्रण गरी सहज तरिकाले बुझाउने प्रयास गरिएको छ -

उदाहरणः कुनै व्यक्ति (प्राकृतिक व्यक्ति वा कम्पनी) ले नेपालमा १०० रुपैयाँ पूँजी राखेर एउटा कम्पनी खोलेको रहेछ र सो कम्पनी बिक्री भएको दिनमा कम्पनीमा रु. ५० कोषमा रहेको थियो अर्थात् कम्पनीको नेटवर्थ रु. १५० रहेछ। सो कम्पनी निजले रु. २५० मा कुनै व्यक्तिलाई बिक्री गरेमा नेपालमा देहायबमोजिम कर लाग्दै आइरहेको छ ।

अवस्था नं १

सो कम्पनी स्थापना गर्ने व्यक्ति गैरबासिन्दा (विदेशी) व्यक्ति भएमा दफा ५७ बमोजिमको लाभ रु. १०० (रु. २५०- रु. १५०) मा २५% कर अर्थात् रु. २५ र दफा ९५क. बमोजिमको लाभ रु. १५० (रु. २५०- रु. १००) मा २५% कर अर्थात् रु. ३७.५ गरी कुल कर रु. ६२.५ लाग्दै आएको छ। जुन सो बिक्रेतालाई भएको वास्तविक लाभ रु. १०० (कोषको रकममा विगतमै कर तिरिसकेको हुनाले) को ६२.५% प्रतिशत हुन जान्छ। जबकि, नेपालमा लाग्ने अधिकतम करको दर ३९% मात्र हो। सो सेयर बिक्रेताले सम्बन्धित देशमा समेत सोही देशको नियमअनुसार थप कर तिर्नुपर्ने हुनसक्दछ ।



अवस्था नं २



सो कम्पनी स्थापना गर्ने व्यक्ति बासिन्दा (स्थानीय) व्यक्ति भएमा दफा ५७ बमोजिमको लाभ रु. १०० (रु. २५०- रु. १५०) मा २५% कर अर्थात् रु. २५ र दफा ९५क. बमोजिमको लाभ रु. १५० (रु. २५०- रु. १००) मा १०% कर अर्थात् रु. १५ गरी कुल कर रु. ४० लाग्दै आएको छ। जुन सो बिक्रेतालाई भएको वास्तविक लाभ रु. १०० (कोषको रकममा विगतमै कर तिरिसकेको हुनाले) को ४०% प्रतिशत हुन जान्छ। जबकि नेपालमा व्यापार गरेर सेयरधनीको हातमा रकम पुग्दा सामान्यत: ३०% (२५+५) मात्र कर लाग्छ।

अवस्था नं ३



सो कम्पनी स्थापना गर्ने व्यक्ति गैरबासिन्दा भइ निजले विदेशकै स्थानीय कम्पनीमार्फत् नेपालको कम्पनीमा लगानी गरेमा दफा ५७ बमोजिमको लाभ रु. १०० (रु. २५०- रु. १५०) मा २५% कर अर्थात रु. २५ स्थानीय कम्पनीमार्फत् र दफा ९५क. बमोजिमको लाभ रु. १५० (रु. २५०- रु. १००) मा २५% कर अर्थात् रु. ३७.५ गरी कुल कर रु. ६२.५ लाग्दै आएको छ। जुन सो बिक्रेतालाई भएको वास्तविक लाभ रु. १०० (कोषको रकममा विगतमै कर तिरिसकेको हुनाले) को ६२.५% प्रतिशत हुन जान्छ। यसका अतिरिक्त सोबीचको कम्पनीले विदेशमा त्यहाँको कानुनबमोजिम थप कर तिर्दा कहिलेकाहीँ त कुल लाभभन्दा बढी रकम कर बापत तिर्नुपर्ने अवस्था समेत सिर्जना हुने देखिन्छ।

यो कानुनलाई बुझ्न सहज होस् भनी केही उदाहरण मात्र माथि प्रस्तुत गरिएको हो। व्यबहारिकरुपले हेर्ने हो भने लाभभन्दा बढी कर दायित्व सिर्जना भएका कयौं उदाहरणहरू सहजै फेला पार्न सकिन्छ। यस्ता कर अभ्यासलाई गहनरुपमा प्राविधिक विश्लेषण गर्ने हो भने व्यवहारिकरूपमा नेपालले दोहोरो मात्रै होइन, तेहरो कर लगाइरहेको छ भन्दा फरक पर्दैन।

व्यवसायमैत्री कानुन निर्माणका लागि दफा ५७ मा सुधार आवश्यक

दफा ५७ 'नमुना कानुन'अनुसार हुनेगरी "स्वामित्व" नभइ "निहित स्वामित्व" को परिवर्तनमा मात्र दफा ५७ लागु हुने गरी कानुन संसोधन गरिनुपर्छ भने दफा ९५क. बमोजिम लाग्ने कर खारेज गरिनु पर्दछ। आयकरको मूल सिद्धान्त भनेको आयमा कर लाग्नु हो। अर्थात्, जहाँ आय हुन्छ वा सम्पत्तिको वृद्धि हुन्छ, त्यसमा आयकर लगाइनुपर्छ। तर, व्यवहारमा आय नहुँदाको अवस्थामा समेत दफा ५७ बमोजिम आयकर लाग्दै आएको छ। व्यवसायिक वातावरण तयार पार्नका लागि धेरै देशले यो कानुनमा आवश्यक सहजीकरण गरी व्यवसायमैत्री कानुनी व्यवस्था गरेका छन्। विभिन्न देशले दफा ५७ लाई सहज बनाउने गरी गरेका कानुनी व्यवस्थाहरूलाई देहायबमोजिम छन्:

(क) धितोपत्र बजारमा कारोबार हुने निकायका हकमा

धितोपत्र बजारमा सूचीकृत संस्थाहरूको सेयर मूल्य प्रचलित बजार मूल्यअनुसार निर्धारण हुने र स्वतन्त्ररूपमा कारोबार संचालन गर्न प्रोत्साहित गरिनुपर्छ। स्वामित्व परिवर्तनको अभिलेख राख्न जटिल हुने हुँदा विश्वका धेरै देशहरूले धितोपत्र बजारमा कारोबार हुने कम्पनीहरूलाई यस दफाअन्तर्गत करबाट छुट दिने कानुनी व्यवस्थाहरू अपनाएका छन्।

(ख) कुनै परियोजना निर्माणाधीन भएको निकायका हकमा

आयोजना निर्माणसम्पन्न नै नभइ दफा ५७ अनुसार कर लगाइयो भने कम्पनीबाट पैसा बाहिरिने र त्यसले परियोजना समयमै सम्पन्न गर्नमा बाधा सिर्जना गर्दछ। परियोजना समयमा सम्पन्न नभएको अवस्थामा त्यसले राज्यको विकास प्रभावित हुने र परियोजना सम्पन्नपश्चात् हुने आम्दानी सिर्जना गर्न पनि ढिलाइ हुन्छ। यसबाट राज्यको समग्र आयमा यस्ता विकास परियोजनाबाट हुने योगदान कमजोर हुने भएकाले धेरै देशले परियोजना निर्माणाधीन रहेका कम्पनीको किनबेचबाट भएको आयका हकमा दफा ५७ अनुसार कर नलिने वा लिने नै भए पनि निर्माण सकिएपछि मात्र भुक्तानी गर्दा हुने व्यवस्था गरेका छन्।

(ग) एकपटक यो दफा लागु भइसकेको तीन वा पाँच वर्ष नभएको निकायका हकमा

नेपालको आयकर ऐनमा तीन वर्षभित्रको स्वामित्व परिवर्तन विश्लेषण गर्नुपर्ने प्रावधान रहेकोले, पहिले नै ५० प्रतिशत सेयर परिवर्तनपश्चात् सामान्य मात्रामा हुने सेयर किनबेचले पनि उक्त तीन वर्षको अवधिमा दफा ५७ आकर्षित हुने परिस्थिति निम्त्याउँछ। विश्वव्यापी अभ्यासमा, एकपटक यस्तो कर तिरिसकेपछि निश्चित अवधि (जस्तै तीन वा पाँच वर्ष) सम्म कम्पनीको मूल्याङ्कनमा उल्लेख्य वृद्धि नभएको अवस्थामा कर छुट दिने परिपाटी छ। यस्तो व्यवस्थाले करदाताको अनुपालन लागत घटाउन सहयोग पुऱ्याउँछ।

(घ) लगानी थप गर्दाका हकमा

चलिरहेको कम्पनीमा कुनै व्यक्ति अर्को व्यक्तिको सेयर किनेरभन्दा पनि नयाँ सेयर (थप सार्वजनिक निष्काशन वा अधिकृत पुँजीमध्ये चुक्ता हुन बाँकी रकम बराबरको स्वपुँजी/इक्विटी) मार्फत व्यवसायमा पुँजी लगानी गरेर प्रवेश गर्दा यहाँ कुनै पनि व्यक्तिले कुनै लाभ प्राप्त गर्दैनन्। तर, नेपालमा भने दफा ५७ मार्फत कर लाग्दै आएको छ। धेरै देशले लगानी थप गर्दा त्यस्तोमा यो कर छुट दिइ लगानीलाई प्रोत्साहित गर्दै आएका छन्। नेपालले पनि सोहीअनुरूप व्यवस्था गर्नु उचित हुन्छ। यस व्यवस्थाको गलत फाइदा लिनलाई रोक लगाउन यसरी लगानी गरेको कम्तिमा पाँच वर्षसम्म पुराना सेयरधनीले सेयर बेच्न नपाउने लगायतका रोक (लकिङ पिरियड) लगाइ कानुनको मर्मलाई अझ बलियो बनाउन सकिन्छ।

(ङ) कुल परिवर्तित स्वामित्वको १० प्रतिशत वा त्यसभन्दा कम निहित स्वामित्व रहेकामा

अहिले अर्बौंको मूल्यमा संसारका विभिन्न मुलुकमा शाखा तथा सहायक कम्पनी रहेका विदेशी कम्पनीको स्वामित्व वा संचालन/नियन्त्रण विदेशमा नै किनबेच/मर्जर हुन्छ। विदेशी कम्पनीको किनबेच हुँदा उक्त कम्पनीअन्तर्गत संसारभर रहेका सयौं शाखा वा सहायक कम्पनीहरूको पनि अप्रत्यक्ष रुपमा किनबेच एकसाथ भएको हुन्छ। यस्तोमा सो कारोबारको कुल मूल्यको ज्यादै सानो अंश (उदाहरणका लागि एक प्रतिशतभन्दा कम) बराबर मात्र नेपालमा रहेको कम्पनीको मूल्याङ्कन भएता पनि नेपालमा रहेको निकायको अप्रत्यक्ष रुपमा स्वामित्व परिवर्तन भइ करको अनुपालनाको झमेला करदातामाथि पर्न जान्छ।

तर यस्तो न्यून प्रभाव रहने कारोबारको अवस्थामा समेत नेपालमा उक्त कम्पनीले दफा ५७ का प्रक्रियाहरू पुऱ्याउनेदेखि नेपालको अंशको पुनमूल्यांकन गर्दै करसमेत तिर्नुपर्ने बाध्यता छ। यसले कर कानुनको अनुपालना लागत ह्वात्तै बढाएको छ। यसरी मूल्यांकनको निकै सानो अंश नेपालमा भएका कम्पनीहरू प्रताडित नहुन् भनी हाललाई परिवर्तित स्वामित्वको १० प्रतिशतभन्दा कम निहित स्वामित्वको अंश नेपालमा रहेको कम्पनीमा हुँदा यो दफाअनुरूप कर नलिने व्यवस्था गर्नु उचित हुन्छ। यस प्रकारको कारोबारबाट अहिलेसम्म पनि राज्यले खासै ठूलो राजस्व प्राप्त गर्न सकेको अवस्था छैन। भारतले यस्तो कारोबारमा आफ्नो देशमा १० करोडभन्दा कम मूल्यांकन भएका कम्पनीलाई लाग्ने करमा छुट दिएको छ।

(च) मृत्यु, अंशबन्डा, अपुतालीमार्फत स्वामित्व परिवर्तन भइ त्यसको पाँच वर्षसम्म सोही व्यवसाय सञ्चालनमा रहने भएमा

पारिवारिक सदस्यको मृत्यु हुँदा कुनै निकायमा रहेको सेयर परिवारकै अर्को व्यक्तिलाई हस्तान्तरण हुन्छ । यस अवस्थामा कुनै पनि व्यक्तिलाई आय पनि भएको छैन र सम्पत्तिमा समेत वृद्धि भएको हुँदैन । तर यसमा समेत हाल दफा ५७ बमोजिम कर लाग्दै आएको छ । त्यसरी सेयरधनीको मृत्युमा कम्पनीलाई कुनै फाइदा हुँदैन, बरु अपुरणीय क्षति भएको हुन्छ । यस्तो अवस्थामा कर लिनु कानुनी र नैतिक हिसाबले पनि उचित हुँदैन । तर, यो सन्दर्भमा हाम्रो कर कानुन अन्यायपूर्ण छ र कर प्रशासनले संवेदनाहीन व्यवहार गर्दै आएको छ । नेपालकै आयकर ऐनमा तीन पुस्ताभित्र भएको अंशबन्डा, अपुतालीमार्फत हस्तान्तरण हुने सम्पत्तिबाट आय नहुने भएकाले आयकर नलाग्ने व्यवस्था एउटा स्थानमा राखिएको छ, तर यसमा पनि दफा ५७ मार्फत कानुनबमोजिम घुमाउरो तरिकाले आयकर लागिरहेको छ । यो एक किसिमको पैत्रिक सम्पत्ति करजस्तै लाग्दै आइरहेको छ ।

मृत्यु, अंशबन्डा, अपुतालीबाट सम्पत्ति हस्तान्तरण हुँदा कसैलाई पनि कुनै पनि आय हुँदैन वा सम्पत्ति मूल्यांकन समेत हुँदैन । त्यसैले सोही व्यवसाय कम्तिमा पाँच वर्ष निरन्तर हुनुपर्ने सर्त राखेर मृत्यु, अंशबन्डा वा अपुतालीमार्फत स्वामित्व परिवर्तन हुँदा यस दफाबमोजिम लाग्ने कर छुट दिन सकिन्छ । यदि व्यवसाय निरन्तर हुन नसके जुन दिन व्यवसाय निरन्तर हुँदैन सोही मितिमा यस दफाबमोजिम कर तिर्नुपर्ने दायित्व सिर्जना गराउन सकिन्छ ।

यसप्रकार सुधारिएको व्यवस्थाले कुनै व्यक्तिको मृत्युपछि स्वामित्व परिवर्तन हुँदा करदातालाई करको थप भार दिने अवस्थाको अन्त्य गर्छ भने व्यवसाय निरन्तर चल्ने वातावरण पनि सुनिश्चित गर्छ । व्यवसाय राम्रोसँग चल्यो भने राज्यले कर स्वतः र नियमितरुपमा पाउनेछ ।

(छ) मर्जर तथा प्राप्ति र रूग्ण उद्योग संचालनको अवस्थामा

कुनै कम्पनीको क्षमता वृद्धिलाई प्रोत्साहन गर्न धेरै देशले मर्जर तथा प्राप्तिका हकमा दफा ५७ अनुरूप कर नलाग्ने व्यवस्था गरेका छन् । मर्जरपछि कम्पनीको लागतमा कमी आइ नाफामा गुणात्मक वृद्धि हुँदा त्यसबाट निकाय (मर्जर तथा प्राप्तिपछि एक भएको) ले तिर्ने आयकरमा पनि गुणात्मक वृद्धि हुन्छ । त्यसो हुँदा यस्तो कारोबारमा सुरुमा कर नलिए पनि अन्ततोगत्वा राज्यलाई नै फाइदा हुन्छ । करकै कारण मर्जर निरुत्साहित हुँदा कम्पनीहरूको नाफामा पनि गुणात्मक वृद्धि हुँदैन र करमा पनि यसको सकारात्मक तथा दिगो प्रभाव पर्दैन ।

त्यस्तै, रुग्ण उद्योग संचालनमा समेत यो दफा बाधक हुँदै आएको छ । कसैले रुग्ण उद्योग संचालन गर्छु भनी आँट मात्र गर्यो भने पनि दफा ५७ आकर्षित भएर उद्योग सुरुवात गर्नुअगावै ठूलो रकम कर तिर्न तयार हुनुपर्ने अवस्था रहेको छ । यस्तो अवस्थामा यस्ता उद्योग संचालन गर्ने कसैको पनि आँट पुग्न सक्दैन । त्यसैले, रुग्ण उद्योग कसैले संचालन गर्ने गरी स्वामित्व लिदाको अवस्थामा यो दफा आकर्षित नहुने गरी व्यवस्था गर्नु पर्दछ ।

निष्कर्षः सुधार गरिएको दफा ५७ बमोजिम कर लगाउनु राज्यका लागि लाभदायक

हाम्रो जस्तो प्रशासनिक क्षमता कम भएको मुलुकमा सेयर बिक्री गरी गइसकेको कम्पनीलाई कर तिराउनु आफैंमा निकै कठिन छ । अझ कतिपय अवस्थामा त अप्रत्यक्ष तरिकाले स्वामित्व हस्तान्तरण भएको वर्षौंसम्म पनि राज्यका निकायलाई थाहा नहुन सक्छ । यस्तो अवस्थामा नेपालजस्तो कमजोर प्रशासन भएको मुलकले दफा ५७ (केही बेफाइदा भए पनि) को मोडेलबाट लाभकर उठाउनु नै सबैभन्दा उचित हुन्छ, तसर्थ धेरैवटा दफासँग बाझिएको र दोहोरो कर लगाउने दफा ९५क को व्यवस्था खारेज गरिनुपर्छ ।

नेपालले गरेको करसम्बन्धी केही अन्तर्राष्ट्रिय सम्झौताहरूमा सेयर बिक्रीको लाभमा नेपालमा कर नलगाइ सम्बन्धित देशमा नै कर लाग्ने व्यवस्था समेत छ । त्यसो हुँदा त्यस्तो किनबेचमा नेपालको कम्पनीको सेयर बिक्री गर्ने बिक्रेतालाई दफा ९५क बमोजिम कर लगाउँदा नेपालले उक्त सेयर बिक्रीको लाभमा कर नपाउने अवस्था समेत सिर्जना हुन्छ । त्यसैले, दफा ५७ बमोजिमको कर बिक्रेतालाई नलगाइ स्थानीय कम्पनीलाई लगाइने भएकाले राज्यलाई बिक्रेता खोज्ने झन्झट पनि नहुने र बिक्रेतालाई कर नलगाइ स्थानीय कम्पनीलाई कर लगाउँदा अन्तर्राष्ट्रिय सम्झौता समेत उल्लङ्घन नहुनुका साथै उक्त बिक्रीको लाभमा दफा ५७ बमोजिम लाभ गणना गरी राज्यले सहजै कर संकलन गर्न सक्ने अवस्था सिर्जना गर्न सकिन्छ । तर, कर उठाउने नाममा अन्यायपूर्ण कानुन देखाएर करदातामाथि अत्याचार हुने गरी एउटै कारोबारमा दोहोरो कर लगाउन हुँदैन, त्यस्ता कर लाग्ने दफा खारेज गरिनु पर्दछ । दफा ५७ अति प्राविधिक दफा भएकाले यसबमोजिमको कर उठाउन राज्य संयन्त्रमा काबिल कर अधिकृतहरू आवश्यक पर्दछ भने राज्यले यस दफाबमोजिम कर संकलन गर्न निर्देशिका, दिग्दर्शन बनाइ करदातालाई सुसूचित गर्न अनिवार्य हुन्छ ।

आयकर ऐनको दफा ५७ बमोजिमको कर नयाँ वा थप कर होइन । भविष्यमा तिर्नुपर्ने करलाई अहिले उठाइएको मात्र हो । भविष्यमा उठाउने कर राज्यले अहिले पाउँदा राज्यलाई त पक्का फाइदा हुन्छ, तर कतिपय व्यावसाय करकै कारण बन्द भए वा क्षमतामा ह्रास आए वा क्षमता विस्तार गर्न नसके अन्ततोगत्वा राज्यलाई नै क्षति हुने हो । करदाताले आम्दानी गरे मात्र राज्यले आम्दानी गर्छ । त्यसैले धेरै देशले लगानीलाई प्रोत्साहित गर्ने हिसाबले कानुनी व्यवस्था परिवर्तन गरी आफ्नो दीर्घकालीन आय सुनिश्चित गरेका छन् । हामीले पनि तत्कालको आम्दानी हेर्ने कि राज्यको आयलाई दीर्घकालिन दृष्टिले दिगो र बलियो बनाउने दूरदृष्टि राख्ने भन्ने आजको महत्वपूर्ण प्रश्न हो ।

सन्दर्भ सामग्री

अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF). (२०००). The commonwealth of symmetrica income tax act, 20** https://www.imf.org/external/np/leg/tlaw/2000/eng/pdf/symact.pdf

अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF). ओईसीडी (OECD), विश्व बैंक (WB), ७ संयुक्त राष्ट्र संघ (UN). (२०२०). The taxation of offshore indirect transfers – A toolkit. https://www.tax-platform.org/sites/pct/files/publications/PCT_Toolkit_The_Taxation_of_Offshore_ Indirect_Transfers.pdf

दाहाल, शे., र बराल, ज. (२०२४). आयकर ऐनले नै लगाएको छ दोहोरो-तेहरो... कर, समाधान कसरी ?, अनलाईनखबर डट कम. https://www.onlinekhabar.com/2024/05/1484268

नेपाल उद्योग परिसंघ

सन् २००२ अप्रिल १७ मा स्थापित नेपाल उद्योग परिसंघ (CNI) नेपालका ठूला तथा मझौला उद्योगहरुको छाता संस्था हो । नेपालभित्र संचालन भइरहेका अग्रणी उद्योग-व्यवसायहरु सदस्य रहेको यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै समग्र देशको आर्थिक स्थिति तथा व्यवसायिक वातावरण सुधार गर्ने उद्देश्यका साथ आफूलाई सक्रिय बनाउँदै आएको छ । साथै, परिसंघले व्यवसायिक वातावरण सुधारको साथै नीतिगत तहमा रहेका विविध कठिनाइ तथा अवरोधहरुको अनुसन्धान गरी त्यस्ता विषयमा सुधारका लागि सम्भावित मार्गदर्शन नेपाल सरकार लगायत सम्पूर्ण सम्बन्धित निकायमा प्रदान गर्दै आफूलाई नेपाल सरकारको एक महत्वपूर्ण विकास साझेदारका रुपमा स्थापित गरेको छ ।

सीएनआई रिसर्च सेल

नेपालमा उद्योग तथा व्यवसायसम्बन्धी प्राथमिक तथ्याङ्कको अभावलाई सम्बोधन गर्न नेपाल उद्योग परिसंघले ‘सीएनआई रिसर्च सेल’ को स्थापना गरेको हो । परिसंघले पारदर्शिता, निष्पक्षता र आवश्यक गोपनीयताको सिद्धान्त अपनाउँदै प्राथमिक तथ्याङ्क संकलन र विश्लेषण गरी विभिन्न प्रकाशनमार्फत नियमितरूपमा सार्वजनिक गर्दै आएको छ । परिसंघको रिसर्च सेलका नियमित प्रकाशनहरूमा ‘Industry Status Report (ISR)’ र ‘CNI Nepal Economy Insights’ प्रमुख छन् । यसका साथै, ‘अग्रिम जमानत’ र ‘कानुनमा सुधार, समृद्ध अर्थतन्त्रको आधार’ जस्ता कानुनी सुधारकेन्द्रित अनुसन्धानमा आधारित परिसंघका प्रकाशनहरूले नेपाल सरकारलाई नीतिगत सुधारका लागि महत्वपूर्ण आधार प्रदान गरेका छन् । यी अनुसन्धान तथा प्रकाशनहरूले मुलुकमा तथ्य र प्रमाणमा आधारित आर्थिक नीति निर्माणमा सहयोग पुर्‍याउँदै आएका छन् ।

CONFEDERATION OF NEPALESE INDUSTRIES (CNI)
P.O.Box No. 21056, Trade Tower, 5th floor, Thapathali, Kathmandu
Tel: 977-01-5111122/5111123 | Fax: 977-01-5111125
Email: cni@cnind.org | Website: www.cni.org.np